कीर्तिपुरको चित्रण
काठमाडौं जि. प्र. का दर्ता नं.२१-२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ७ अंक २२ (संयुक्तांक ३२६) ने.सं. ११३८ पोहेलाथ्व नवमि बुधवाः २०७४ पुस १२ गते बुधवार (Dec27, 2017) मूल्य रु.१०/- पृष्ठ २०




iPhone
htc
SAMSUNG
HUAWEI
GiONEE
mi
MOTOROLA
LAVA
NOKIA
oppo
vivo
Smart Phone




भत्केपाटी, कीर्तिपुर–०५
फोन नं.: ९८५११३९४०८

# जनताले माग्दैछन 'एकीकरणको इतिहास'

**राजेन मानन्धर**

नेवारहरुको दुई तीन हजार लामो इतिहासमा ईन्द्रजात्रा त्यो दिन हो जुन दिनदेखि नेवार हरुको जातीय अभिमान, धर्म, संस्कृति, कला, वास्तुकला, दर्शनमाथि मात्रै होइनन स्वयम् नेवारहरुको अस्तित्वमाथि नै बज्रपात भयो। हेर्दाहेर्दै आफ्नो देश र सभ्यताको अपहरण भएको दिनलाई यसप्रकार सामान्य, सहज रुपले स्वीकार गर्नु मात्र होइन, सके आँखा चिम्लेर त्यस्तो होइन भनिदिनु पर्ने अवस्था कसरी आयो, हामीलाई कसले दियो ?

नुवाकोट, कीर्तिपुर आदि काठमाडौं उपत्यका र नेपाल मण्डलको राजगद्दीमा नै भएको आक्रमण उपत्यकाका सबै वैभवशाली राजाहरुलाई घुँडा टेकाएर मात्र सम्पन्न भयो। यो त्यो दिन हो, जुन दिन जात्राको रमझममा रमाएका सम्पूर्ण उपत्यकाबासीलाई जगाजग देखाएर एक जना आततायीले आफ्नो धूर्तताको बलमा नेवार हरुले अति नै माया गरेर स्याहार सुसार गरेर राखेकी आमालाई बलात्कार गरे।

यस्तो इतिहास कतै पढ्न पाइयो ? पढाइयो ? छैन भने आजसम्म नेपालआमाले इतिहासकारहरुको नाममा चाकडीबाज, सत्तालोलुप व इमान नभएका नक्कली विद्वानहरुलाई मात्र जन्माइरहेको रहेछ भन्ने कुरा एकीकरणको सन्दर्भमा विश्लेषण गर्न सकिन्छ।

आफूलाई मन नपरेको वस्तु नहेर्दैमा बिलाएर जाने हो भने, गन्हाएको वस्तु नाक छोप्दैमा हराएर जाने भए संसार कति सुन्दर हुन्थ्यो होला। फूलको आँखामा फूलमात्र देखिन्थ्यो होला। तर अस्ट्रिचले आफ्नो टाउको बालुवामा लुकाउँदैमा आँधीबेहरी आउन बन्द हुँदैन। मन नपर्ने, हेर्न गाह्रो वा हेर्न नसकिने कुनै वस्तु छ भनेर मस्तिष्कले आँखालाई सूचना प्रवाह गऱ्यो भने आँखाले हेर्छ वा हेर्ने प्रयत्न गर्छ। यो नै कुनै राम्रो कामको शुरुवात हो। तर यो देशका विडम्बना भन्नुपर्छ, यहाँ यस्तो तथ्य वा इतिहास लुकेको छ भनेर भन्न यहाँका बौद्धिक व्यक्तिहरु समेत लजाइर हेको स्थिति छ।

हुन त इतिहास भनेको नै जित्नेले लेखेको एउटा कथा मात्र हो–लेनदेन नै गर्न नमिल्ने एउटा पुरानो तमसुक कागज मात्र। तर मानिसलाई चिन्न त्यो मानिसले नै लेखिएको यस्तो दस्तावेज हो जसबाट प्रत्येक व्यक्ति, वंश र राज्यको सही तौल र आयतन पनि प्रस्ट दर्शाउँछ। यसले त्यहाँका बासिन्दालाई त्यस देशको भूतसँग साक्षात्कार गराउँछ अनि भविष्यको दिशानिर्देशन गर्दछ। यहाँ इतिहासकारहरुको धर्म भनेकै समयकालका प्रत्येक घटनालाई आग्रह पूर्वाग्रह नराखी सकेसम्म प्रमाणहरु जुटाई जस्ताको तस्तै प्रस्तुत गर्ने हो, दूधको दूध, पानीको पानी गरीदिने हो। यसबाट कस्तो शिक्षा लिने र के अनुसरण वा प्रतिरोध गर्ने भन्ने जनताले निर्णय गर्ने कुरा हो।

संसारका दुई चार वटा घटनाको सम्झना गरौं–सन् १७८० तिर ब्रिटिस साम्राज्यले अमेरिकामा अत्याचार गऱ्यो, सन् १७९० तिर फ्रान्सका सम्राटले अफ्रिकी जनतामाथि अत्याचार गरे, सन् १८२० तिर ग्रिसमा टर्कीसहरुले अत्याचार गरेकै थियो, सन् १८३० मा हल्याण्डले बेल्जियमलाई दुःख दिएको थियो। दोश्रो विश्वयुद्धतिर जर्मनीमा हजारौं यहुदीको आमहत्या गरियो। जापानमा पनि सयौं चिनियाँ र कोरियन महिलालाई कम्फर्ट गर्लका नाममा अत्याचार गरियो भने अमेरिकाले जापानमा अणुबम प्रहार गरेर हजारौंको नरसंहार गऱ्यो। फेरि सन् १९७० तिर पनि कम्बोडियामा राजनीतिक द्वेषले हजारौं मानिसको आमहत्या भयो। हुन त यी सबै अब इतिहास मात्र हुन्। बिर्सन सकेपनि हुन्थ्यो तर त्यहाँका इतिहासकारहरुले त्यसो गरेनन्, ढाकछोप गर्ने त कुरै भएन। बरु त्यस्ता अमानवीय घटनालाई विभिन्न दृष्टिकोणबाट अध्ययन गरेर त्यसको कारण, परिणामलाई व्याख्या विशलेषण गर्छन्, अझै गरिरहेका छन्। त्यसैको फलस्वरुप त्यहाँका जनताले त्यस्ता घटनालाई एउटा पाठको रुपमा लिएर आइन्दा यस्ता घटना फेरि हुन नदिन आफूलाई तयार मात्र पारेनन्, अझ यसबाट प्रभावित मानिसहरुले नै आपसमा संगठित भएर यस्ता अतिवादी शक्तिहरुसँग लडेर संसारमा नै बलियो मानवीय विकासको उदाहरण बने।

दुर्भाग्यको कुरा, नेपालको कथा भने अर्कै भइदियो। सामान्य जनताको भाषामा कुरा गर्दा इतिहास भनेको पहिले पहिले भएका ठूला साना, राम्रा नराम्रा, मनपर्ने मननपर्ने सबै प्रकारका घटनाको वस्तुगत विवरण हो। त्यसपछि ती घटनाको विषयमा विश्लेषण, मूल्यांकन र सिंहावलोकन इत्यादि गरिन्छ। साथै यसबाट वर्तमानलाई ती पुराना राम्रा नराम्रा दिनबाट केही सिकाइ लिने अवसर प्राप्त हुन्छ। यस्तो इतिहासको सामान्य दृष्टिकोणबाट हेर्दा २५० वर्षदेखि नेपालमा एकजना पनि इतिहासकारको जन्म नभएको अनि त्यसको सट्टा इतिहासका नाममा जनतालाई मूर्ख बनाएर आफूमाथि अन्याय गर्ने शासकहरुको तलुवा चाट्ने अवसरवादीहरुले मात्र हामीलाई पढाइरहेका थिए भनेर नभनी नहुने अवस्था छ। नत्र इतिहासको नाममा गोपाल राजवंशावली, लिच्छवि संवत्, स्थिति मल्लका नियमकानुनको नालीबेली मात्र होइन कुनचाहीँ राजा कुन देवीसँग पासा खेल्थ्यो भनेर स्वाद लिई लिई इतिहासका नाममा कथा हाल्ने इतिहासकार हरु उपत्यकाको राज्यहरण र उपनिवेशीकरणको विषयमा मौन भइरहनुलाई संयोग मात्र मान्न सकिन्न।

उपत्यकामा पहिलो शासन गरेका भनिएका गोपाल, महिपाल, किरात, वर्मा, लिच्छवि आदि राजाहरुको अन्त कसरी भयो भन्ने अझै स्पष्ट छैन। तर जहाँसम्म मल्ल वंशको अन्त्यको कुरा छ, यो त सबैलाई थाहा छ। एउटा जंगलीजस्तो अवस्थाको देशका, एक आफ्नो देशको विकास गर्न नसक्ने महत्वाकांक्षी राजाले सुनको गजुर भएको काठमाडौं उपत्यकाको राजा हुन लोभ गरे। त्यसकै परिणतिअनुसार नै यहाँका जनतालाई देवता मान्ने र जनताको सुखसयल, धर्मसंस्कृतिलाई आफ्नो मान्ने राजवंशहरुको नाश भएको थियो। अनि योसँगै आफ्नो कला, संस्कृति र सभ्यताको विकास गर्दै आएका यहाँका जनताको दुर्दिन सुरु भएको थियो। संविधानसभाको नाममा सात प्रदेश थोपरुन्जेलसम्म एक जाति वा समुदायले यहाँका आदिवासीमाथि सभ्य र असभ्य तरिकाले मनमानी गर्ने क्रम निरन्तर जारी नै छ।

एकीकरणबारे आजसम्म जति पनि लेखिएका छन्, ती अधिकांश पुस्तकमा एकमत भएर फिरंगीहरुको साम्राज्यवादी नीतिबाट भएको खतराबाट उपत्यका र अन्य ठाउँलाई मुक्त पारिएको बखान नै पाइन्छ। त्यस्तो खतराबीच आफ्ना गुरु गोरखनाथको दही खाएर विद्वान, शक्तिशाली र दूरदर्शी राजा पृथ्वीनारायण शाहले यहाँका जनताको इच्छा मुताबिक काठमाडौं उपत्यकाको "एकीकरण" गरे अनि आधुनिक नेपालको निर्माण गरे भनेरै इतिहासका नाममा लेखिएको पाइन्छ। अझ ती इतिहासहरुले यस उपत्यकाका राजाहरु नै अयोग्य, अक्षम भएकाले पृथ्वीनारायणलाई यहाँका जनताले आफै बोलाएको पनि भन्न भ्याए। पत्याउन सकिन्छ ?

खसआर्य समुदायका अधिकांश व्यक्तिहरु त कथित एकीकरणमा गर्व गर्ने नै भए, नेवार विद्वानहरुले समेत यसमा भएको सत्यको उद्घाटन गरेनन्। कुरा घामजस्तै छर्लङ्ग छ– उनीहरु त्यसबेलाका राजावादीहरुका नजरमा दरबारिया वा "राष्ट्रवादी" कहलाएर बेलामौकामा बाँडिने मानपदवीको लोभमा अड्केका थिए। त्यस्तै, कतै भाइस चान्सलर, डाइरेक्टर, महानिर्देशक वा प्राज्ञको कोसेली पाइएकोमा त्यसको ब्याज तिर्दैछन् वा त्यस्तो कुनै पद पाइएला कि भनेर ढुकेर बसेका छन्। त्यति पनि होइन भने यस्तो तीतो सत्यलाई उजागर गरिदिए अहिलेका शासक रिसाउलान् र कुनै सजायका भागिदार बन्नुपर्ला भनेर डराइरहेका छन्।

इतिहासबारे केही प्रश्न बच्चा बच्चाको दिमागमा घुमिर हेका छन् – के दुई चार दिनको युद्ध गरेर एउटा वंशले आफूले रगत पसिना गरेर बनाएको वैभवशाली देश केही असभ्य देशका कथित राजाका हातमा सुम्पेर दासता स्वीकारे होला ? जित्ने कसरी जित्यो होला, हार्ने कसरी हाऱ्यो होला ? कोहीचाहिँ पण्डित्याइँ देखाउन छाता र जुत्ताको कथा गुँथ्दै बस्छ अनि लाटा सबै जनता पत्याएर थपडी मारेर बस्छ ?

आजसम्म इतिहासकार भन्नेहरुले इतिहासको नाममा राजा वा राजाखलकका राम्रो पक्ष मात्र उजागर गरेर नराम्रो कामबारे सूचना लुकाएर वा तोडमरोड गरेर भजन वा जयजयकार मात्रै गरिरहेको कसैबाट छिपेको छैन। यस्तो भजनले उनीहरुलाई आशिर्वाद वा शीरपोष त दियो होला, जनता भने सँधै लुटिएका छन्। तिमीहरु कस्ता काँतर राजाका प्रजा अनि तिम्रा पुर्खाले त्यति असभ्य राजालाई पनि थर्काउन सकेनन् भन्ने जस्ता व्यङ्ग्यवाण सहनुपरि रहेको छ। न्याय त हुनु पर्यो नि, त्यसका लागि छानबिन पनि नहुने ?

त्यसैले २१औं शताब्दीका इतिहासकारलाई जनताको माग छ( ईन्द्रजात्राको त्यो अँध्यारो रातमा कसरी ती आततायी राजाले यहाँका दुईचार जना राजद्रोही व धोखेबाज भारदारको साथ लिएर आक्रमण गर्न सके ? के त्यसबेला राजाको नून खाएका अरु कोही इमानदार उपत्यकाका दरबारमा थिएनन् ? कसले गढपर्खालका ढोका कसरी खोले ? कति लडाइँ भयो, कुन कुन ठाउँमा लडाइँ भयो, कस्ता हतियारले कसरी छातीमा रोपिए, घाँटी सेरिए वा कस्ता बन्दुकले गोली पड्काइए। लासका डंगुर बने होलान्, ती जलाइए कि बगाइए, कि खाल्डा खनेर पुरिए ? जित्नेले कति सेना लिएर आएका होलान् ? सिंगै काठमाडौं जित्नलाई पुग्नेगरी सैनिक राख्न सक्थे उनी ? उनको राज्यको आयश्रोत नै कति थियो ? कस्ता हतियार कहाँबाट लिएर आएका होलान् ? कसरी मारकाट गरे होलान् ? अनि हार्नेका कति सैनिक थिए होला ? उनीहरु हातमा दही जमाएर बसेका थिए ? कति रगत बग्यो होला ? लास कहाँ गए होलान् ?

सुनको गजुरको कुरा गर्ने इतिहासकारहरु मल्ल वंशको सैन्यविज्ञान र हातहतियारबारे किन बोल्दैनन् ? के काठमाडौंका जनताले प्रतिकारै नगरेका होलान् त ? कीर्तिपुरमा नाककान काटिएको थिएन भनेर टेबुल थर्काउने इतिहासकारहरुले काठमाडौं, ललितपुर र भक्तपुरमा कथित विजय प्राप्त गरिसकेपछि यहाँका युद्धबन्दीलाई कस्तो यातना दिइयो भनेर कहिले भन्ने ? अनि त्यसबेलाका राष्ट्रप्रेमी जनताहरुले के हेरेर बसे ? उनीहरुले कुनै प्रतिक्रिया जनाएनन् ? त्यसबापत कसलाई कस्तो सजायँ भयो ? यो उपत्यकामा पनि कसैले कहिल्यै लखन थापाले जस्तो विद्रोह गरे कि गरेनन् ? उनीहरुलाई कस्तो सजाय दिइयो ? कोही सहिद भए ? जितिलिएपछि यहाँका धोखेवाज भारदारहरुलाई के गरियो ? कि एकै घरमा बोलाएर जिउँदै जलाएर इतिहास नष्ट गरियो ? यस्ता कथित एकीकरणसँग सम्बद्ध प्रश्नको जवाफ जनताले खोज्दैछन् जुन उनिहरुको जातीय अस्तित्वसँग प्रत्यक्ष सरोकार राख्छन्।

हुनसक्छ, यस्तो निर्भीक, निडर सत्य इतिहास देशमा शाहवंशको झण्डा ठडिरहँदा स्कुल क्याम्पसका विद्यार्थीहरुले पढ्न पाएनन्। तर देशमा गणतन्त्र आएको एक दशकमा पनि यो अँध्यारो इतिहासमाथि किन पर्दा ? यो इतिहास जब खुल्छ, त्यो यहाँका हरेक नागरिकका लागि ऐनाजस्तै हुने छ( आफ्नो विगत र त्यसको प्रतिविम्बजस्तै जति धोए पनि नपखालिने खिया लागेको वर्तमान हेर्नका निमित्त। आफूप्रति गरिएको धोखा, अन्याय, अत्याचार र दमनको इतिहास बुझेपछि यहाँका जनता मात्र अबको बाटो कुन हो भनेर पहिल्याउन सक्षम हुन्छन्। अनि यस्तो इतिहास विश्वसामु उजागर गर्न पाएमात्र विश्वले नेपाल २५० वर्ष कस्ता शासकहरुको कब्जामा थियो र कुनै बेला एसियाकै सम्पन्न देश आज कसरी जति ऋण अनुदान खन्याए पनि विकासमा अगाडि परेन भन्ने सबैलाई बुझ्न सजिलो हुन्छ।

**कीर्तिपुर बैद्य पसल**

यहाँ सम्पूर्ण पूजा सामाग्रीहरुका साथै सुत्केरी मसला पनि पाइन्छ।

**कीर्तिपुर बैद्य पसल**

**पाँगा दोबाटो, इमेज स्टुडियोको पछाडि**

**फोन नं. ०१-४३३४९२६**

कीर्तिपुरको चित्रण
काठमाडौं जि. प्र. का दर्ता नं.२११-२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY
साप्ताहिक

वर्ष ७ अंक २२ (संयुक्तांक ३२६) ने.सं. ११३८ पोहेलाथ्व नवमि बुधवा: २०७४ पुस १२ गते बुधवार (Dec27, 2017) मूल्य रु.१०/- पृष्ठ २०

# मूल विवाद प्रदेश प्रमुखको नियुक्तिको सवाल

## नयाँ सरकार गठनको सवालमा राजनीतिमा तीन विकल्प

**कीर्तिपुर सन्देश साप्ताहिक/**

राष्ट्रियसभा सदस्य निर्वाचन अध्यादेश र प्रदेशसभाका प्रमुख नियुक्तिको बारे दलीय परामर्श तीव्र पारेकी राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न राजनीतिक दलका शिर्ष नेताहरुसंग परामर्शलाई तिब्रता पारेका छन् ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनवाट पहिलो पार्टी बनेको एमाले, दोस्रो पार्टी बनेको नेपाली कांग्रेस, तेस्रो पार्टी बनेको माओवादी केन्द्रका शीर्ष नेताहरुसंगको परामर्श पछि राष्ट्रपतिले संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालका नेतासँग परामर्श गर्नु भएको छ ।

सरकारले ल्याएको अध्यादेशमा दलीय सहमतिपछि मात्रै प्रमाणिकरण गर्ने अडान लिएकी राष्ट्रपति भण्डारीले राजनीतिक दलका नेतासँग परामर्श गर्नु भएको हो ।

राष्ट्रिय सभाको चुनाव अव एकल संक्रमणिय प्रणाली अनुसार गर्ने कि बहुमतिय प्रणाली अनुसार बनाउने भन्ने विषयमा राजनीतिक दलहरुवीच विवाद रहेको छ । एमाले र माओवादी केन्द्र बहुमतिय प्रणाली अनुसार राष्ट्रियसभाको निर्वाचन गर्ने पक्षमा रहेका छन् ।

एकल संक्रमणिय प्रणाली भनेको पूर्ण समानुपातिक प्रणाली हो । नेपाली कांग्रेस, संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी एकल संक्रमणिय प्रणालीको आधारमा निर्वाचन गर्नुपर्ने पक्षमा रहेको छ । जारी भएको संविधानमा कुन निर्वाचन प्रणाली अनुसार प्रदेसभाको निर्वाचन गर्ने भन्ने विषयमा उल्लेख नभएका कारण राजनीतिक दलहरुवीच यो विषयमा विवाद भएको हो ।

नेपालको राजनीतिमा अहिले राष्ट्रियसभा गठन सम्वन्धि जति चर्चा र विवाद छ त्यो भन्दा पनि मूल विवाद भनेको प्रदेशसभाको प्रमुख नियुक्तिको सवाल छ ।

प्रदेशसभामा कुन सरकाले प्रमुखको नियुक्ति गर्ने भन्ने विषयमा संविधानमा उल्लेख नभएको र प्रदेशसभा प्रमुखको नियुक्ति नभइकन प्रदेशसभाका मुख्यमन्त्रीदेखि अन्य प्रदेशसभा सदस्यहरुलाई सपथग्रहण गर्न नसकिने र प्रदेशसभाको बैधानिकता नभए सम्म फेरी राष्ट्रिय सभाको निर्वाचन गर्न नसकिने अवस्था छ । राष्ट्रिय सभाको निर्वाचन नसकिए सम्म संघीय संसदको पूर्णता नहुने र संघीय संसदको पूर्णता नभए सम्म सरकार गठन गर्न नसकिने संवैधानिक समस्या रहेको छ । संविधानमा संघीय संसद भन्नाले राष्ट्रियसभा र प्रतिनिधिसभा दुबैलाई जनाउने गरिन्छ । नेपालको राजनीतिमा अहिले राष्ट्रिय सभा गठनदेखि प्रदेशसभाका प्रमुख नियुक्ति सम्मको विवाद भएको अवस्थामा सार्वजनिक रुपमा भने राष्ट्रियसभाको निर्वाचनको सवालमात्र आइरहेको अवस्था छ ।

तर दलहरुवीच विवाद भएको मूल विषय भनेको देउवा सरकारले प्रदेशसभाका प्रमुखलाई नियुक्ति गर्ने कि नयाँ सरकारले नियुक्ति गर्ने भन्ने विषय नै विवाद रहेको छ । यो विवाद संवैधानिक रुपमा समाधन गर्न अप्ठ्यारो रहेको अवस्थामा अव राजनीतिक सहमति चाहिने अवस्था देखिन्छ । राजनीतिक सहमति जति चाँडै हुन्छ त्यति चाँडै नै मुलुकले नयाँ सरकार पाउने अवस्था छ ।

नयाँ सरकार गठनका लागि पनि अहिलेको अवस्थामा तीन वटा विकल्प रहेका छन् । १ नम्बर विकल्पमा एमाले र माओवादी केन्द्रको स्पष्ट बहुमत भएका कारण वाम गठबन्धनको सरकार बनाउन सकिने अवस्था छ । २ नम्बर विकल्प भनेको एमाले र संघीय समाजवादी फोरम नेपाल वा राष्ट्रिय जनता पार्टीसंग मिली संयुक्त सरकार बनाउने हो । मधेसवादी दलहरुले उठाएका माग सम्वोधन गर्न एमाले तयार बन्ने अवस्थामा मात्र यो विकल्प संभावना रहने अवस्था छ । ३ नम्बर विकल्प भनेको एमाले बाहेकको सबै दल मिलेर सरकार बनाउने हो । यो लिकल्प अझ कम संभावना रहेको छ । अहिलेको अवस्थामा सबै भन्दा बढि सम्भावना भनेको १ नम्बर विकल्प हो । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मत परिणाम अनुसार नै एमाले र माओवादी केन्द्रको सरकार बनाउनुपर्ने देखिन्छ । यसको अर्थ एमाले र माओवादी केन्द्रको संयुक्त सरकार हो । एमाले र माओवादी केन्द्रवीच पार्टी एकता नै भयो भने एउटै पार्टीको सरकार बन्ने हुन्छ ।



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
सह सम्पादकक
नजरराम महर्जन

प्रवन्धक
निरजमान सिंह
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः ट्वीन प्रेस, कीर्तिपुर, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

## राष्ट्रिय पार्टीहरुवीच राजनीतिक सहमतिको आवश्यकता

**प्रनिनिधिसभा र प्रदेशसभाको निर्वाचन पछि अव राष्ट्रिय सभाको निर्वाचन प्रणाली साथै प्रदेश प्रमुखको नियुक्तिको सवालमा संविधानमा स्पष्ट नभएका कारण राजनीतिक दलहरुवीच विवाद भएको छ। यो विवाद जति जति लामो हुदै जान्छ त्यति त्यति नै राष्ट्रपतिलाई समेत तन्दै लाने अवस्था देखिन्छ । राष्ट्रिय सभाको निर्वाचनका लागि अध्यादेश राष्ट्रपतिकोमा पुगिसकेको अवस्थामा राष्ट्रपति पनि यो विवादमा विस्तारै तान्दै ल्याएको अवस्था छ ।**

**यस विवादमा मूल रुपमा एमालेको नेतृत्वमा एउता पक्ष र कांग्रेसको नेतृत्वमा अर्कोपक्ष बनेको छ। एमालेसंग माओवादी केन्द्र रहेको र कांग्रेससंग भने संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी रहेको छ । प्रतिनिधिसभाको निर्वाचनले यी पाँच राजनीतिक पार्टीलाई राष्ट्रिय मान्यताको पार्टीको रुपमा स्थापित गरेको अवस्था छ। त्यसैले यी पाँच राजनीतिक पार्टीहरुवीच हुने सहमतिलाई राष्ट्रिय सहमतिको रुपमा मान्नुपर्ने हुन्छ।**

**संविधानमा स्पष्ट नभएको अवस्थामा प्रतिनिधिसभामा राष्ट्रिय मान्यता प्राप्त यी पाँच राजनीतिक दलहरुवीच वार्ताको माध्यमवाट समस्या समाधान गर्न सकिए सबै भन्दा राम्रो हुने अवस्था छ । राष्ट्रिय सहमति भएको अवस्थामा राष्ट्रपतिलाई पनि सजिलो हुने र मुलुकले पनि नयाँ सरकार पाउने अवस्था हुन्छ । अतः राष्ट्रिय सभाको निर्वाचन र प्रदेशसभा प्रमुखको नियुक्तिको सवालमा प्याकेजमा नै राष्ट्रिय मान्यता प्राप्त यी पाँच राजनीतिक दलहरुवीच सहमति जति चाँडो हुन सक्छ त्यति नै मुलुक र जनताका लागि फाईदा हुने कुरालाई राजनीतिक दलका प्रमुख नेताहरुले बुझ्नु जरुरी छ।**

**सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं, राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।**

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

# नेवार गुफा संस्कारमा "बाधाः पिकाएगु" सूर्यदेवसंग विवाह होइन, सूर्य पूजा मात्र हो

**बिजय शर्मा राजोपाध्याय (नेवाः पुरोहित)**

अचेल थुप्रै ब्यक्तिहरु नेवार कन्याको यती पल्ट बिहे हुन्छ, उति पल्ट बिहे हुन्छ भन्दै गलत व्याख्या गर्ने गरेको पटक पटक सुन्नमा आउन थालेको छ, अझ बाह्रा पिकाएगु वा गुफा निकाल्नुलाई समेत सुर्यदेव सँग विवाह भन्दै गलत प्रचार हुँदै गरेकोमा सजक रहन यो पोष्ट गर्दैछु ।

गलत अवधारणाको शिकार भएकाहरुले नेवार कन्याको बिवाह १) सुवर्णकुमार सँग २) श्रीफल सँग ३) सुर्य सँग ४) मान्छे सँग भन्दै पूर्णतः गलत बिचारको बिजारोपण गर्दै आइरहेका छन भने, आफ्नो बर्ग समुदायको साँस्कारीक ज्ञानको अभावले गर्दा अरुले जे भने पनि 'हो' भन्ने मानसिकताले ग्रस्त नयाँ पिढी यसैलाई आत्मसाथ गर्दै लैजादै छन, समयमा नै बिचार पुर्‍याउन अनुरोध गर्दछु ।

नेवार कन्याहरुको विवाह जीवनमा एक पटक मात्र हुने गर्दछ, जुन विवाह वेदोक्त, तन्त्रोक्त, पुराणोक्त र धर्मशास्त्रीय दृर्षटिकोणले पूर्ण र पारम्परिक हुने गर्दछ । यति मात्र नभै नेवार कन्याहरुको विवाह सामाजिक र स्वास्थ्य बिज्ञानका दृष्टिले समेत आधुनिक बिचारधाराले भरिपूर्ण भएको देखिन्छ, जुन कुराहरु सप्रशङ्ग व्याख्या गर्नु पर्दा थोरै समय र थोरै शास्त्रीय ज्ञान र थोरै लेखाइले पटक्कै पुग्दैन, कुनै अर्को पोष्टमा लेख्ने प्रयास गरौंला । यहाँ प्रसङ्ग अर्कै रहेको हुँदा, यत्ति सम्म भन्न सकिएला कि शास्त्रीय मान्यता अनुसार रजोवती हुनु पूर्व कन्याको कन्यादान र सिन्दुरारोहण भैसक्नु पर्ने र साथै बाल विवाहको दुस्परिणामबाट पनि जोगिनु पर्ने चुनौतिलाई आत्मसाथ गरी आदीकालका नेवारका पुरोहितहरुले यस्तो बिधी प्रतिपादन गरे, जुन बिधीले धर्म शास्त्रीय मान्यता पनि नमेटिने, सामाजिक शास्त्रीय कुरालाई पनि बल पुग्ने गरी "इही" को संकल्पना लागु गरेका थिए जुन हालसम्म पनि प्रचलन रहेको पाईन्छ, यसलाई 'बेलबिवाह', 'श्रीफलबिवाह', 'सुबर्णकुमार कन्यादान' आदी नामले पनि जनाउँने गर्दछ । अर्थात, विवाहको लागि 'वर' वा दुलाहाको अनुपस्थितिमा उनको प्रतीक मानी 'बेल'सँग विवाह गरिदिने र सोही बेल-स्वरूप वरलाई कन्याले आफु बयस्क भएपछी मात्र खोजेर, रोजेर आफु मनखुसी स्वयंबर गर्न पाउने नियम नेवार समाजमा रहेको छ। यसले के जनाउँदछ त भन्दा एउटै विवाहको बिधीलाई दुई भागमा बिभाजन गरी, आधा बिधी रजोवती हुनु पूर्व बाल्यकालमा र बाँकी आधा बिधी रजोवती भईसकेपछी अर्थात बयस्क भएपछी गरिने चलन नेवार समुदायमा रहेको पाईन्छ ।

अचेल हिन्दी फिल्मी प्रभावका कारण, जन-मानसमा सिन्दुर हाल्दैमा विवाह पूर्ण हुने, अथवा कन्यादान गर्दैमा विवाह पूर्ण हुने भन्ने सोच धेरैमा रहेको पाईन्छ । तर सिन्दुरहाल्नुको अर्थ विवाह मात्र नभै आफ्नो कूलको ढुकुटीकी श्री-लक्ष्मी वा भनौ गृहलक्ष्मीको प्रसाद ग्रहण गर्न पाउने अधिकार भन्ने पनि बुझाउदछ, अर्को अर्थमा श्रृङ्गार गर्न पाउने नारी अधिकार, जुन अधिकार प्रयोग गरी श्रीमानको दिर्घायुको कामना गर्न मिल्ने भन्ने अर्थ लाग्दछ । त्यस्तै, कन्यादानको अर्थ पनि अभिभावकत्व हस्तान्तरण हो, इही गरिदा नारायण स्वरूप सुवर्णकुमारलाई अभिभावकत्व हस्तान्तरण गरिन्छ, जस्को अर्थ कन्याको जीवनमा आउने बाधा अड्चनलाई स्वयं इश्वरले अभिभावक रहेर रक्षा गरिदिनु भन्ने अर्थ लाग्दछ ।

अब प्रशङ्गमा प्रवेश गरौं ।

नेवार समुदायमा कन्याको जीवन संस्कारहरुमा प्रमुख त 'इहि' अनि 'बाह्रा' र त्यसपछी 'इहिपा' गरिने प्रचलन रहेको छ। इहि र इहिपा एउटै विवाह संस्कारलाई बाल्यकालमा आधा र बयस्क भएपछी आधा गरी पूर्ण विवाहमा रूपान्तरित गरिने संस्कार हुन । बिचमा आउने बाह्रालाई समेत अचेल विवाह हो भन्ने गलत प्रचार भईरहेको छ, अझ कोही कोही त शुभ उत्सव मानि भोज नै मनाउने समेत चलन देखिन थालेको पाउँछौ। बिगतमा बाह्रा भ्वय् धुमधामले मनाउने प्रचलन थिएन, अझ बाह्रा भ्वय् भनेको कन्याकी सखीहरु र अन्य महिलाहरुले बाहेक पुरुषहरुले खाँदैन थिए पनि । अचेल बाह्रा पिकाएगुलाई 'सुर्य दर्शन', 'गुफा-निकाल्ने' मात्र नभै सुर्यसँग विवाह हो भनेर समेत प्रचार गर्न थालेका छन। यो कता बाट यस्तो गलत प्रचार आयो खोजिनिती हुनु जरूरी पनि छ ।

गुफा निकाल्नु अथवा बाधाः पिकायेगु गरिदा पढिने संकल्प वाक्यमा "प्रथम रजोदर्शन दोष शान्तये श्रीसुर्य पूजानादी" भनी पढिन्छ, अर्थात प्रथम पटक रजोवती भएर १२ दिन सम्म सुर्यलाई नहेरेको दोष शान्त गर्न सुर्यको पूजा गरिने भनिएको हो । यो भनेको कन्याको बयस्क भएको सूचक संस्कार हो, जसमा उनलाई कूलकी थकालिनकिंले बयस्क महिलाहरुले गर्ने श्रृङ्गार समेत गरि दिन्छिन, जुन शास्त्र सम्मत बिधी हो । नेवार समुदायलाई खराब देखाउने नियतले नेवार कन्याको जतीपटक पनि विवाह हुन सक्छ, कुनै निश्चित श्रीमान भन्ने हुँदैन भन्ने मनसाय देखाउन यतीपल्ट र उतिपल्ट बिहे हुन्छ भनी जुन गलत व्याख्या भैरहेको छ, यसलाई समयमा नै नेवारहरुले बुझ्न जरूरी छ । बिज्ञ संग सर-सल्लाह नगर्ने, पण्डित पुरोहितसँग संस्कारको शास्त्रीय व्याख्या नसोध्ने, आँफै जानिफकार हुने, आँफै संस्कृतिबिद् भैदिनेहरुबाट गलत व्याख्या धेरै हुँदैछन, सजक रहौं। हाम्रा शताव्दियौ अगाडि देखिका पुर्खाले लेखेका थ्या-सफूहरुमा के भनिएको छ, बिचारै नगरि यस्ता गलत व्याख्या आफु मनखुसी हुँदैछन । पुराना थ्या-सफूहरुमा "बाधाःपिकाएगु" संस्कारलाई "गर्भाधान संस्कार" भनिएको छ, 'सुर्य-दर्शन' समेत कतै भनिएको छैन । "बाधाःभ्वय् नय् मत्यः, बाधाःभ्वय् वने मत्यः, बाधाःच्वम्ह मचाया पासापिं जक वनी" भन्ने परम्परा अझै धेरै घर बाँकी नै छन । समग्रमा बाधाः पिकाएगु संस्कार "सुर्य विवाह" पटक्कै होइन, सुर्य पूजा मात्र हो । उहिले उहिले वाल विवाह हुने समयमा कन्याको निश्चीत उमेर पुगेपछी जव रजोवती भएर बयस्क हुन्छिन, तव बाऱ्हौं दिनमा कन्याकी श्रीमानले यज्ञ गरी धार्मिक तवरले गर्भस्थान पवित्र गर्ने कार्य नै अचेलको बाधाःपिकाएगु संस्कार हो। यसलाई अचेल राजोपाध्याय र बज्राचार्यहरुको विवाह पश्चात 'सँ प्याकेगु' संस्कार गरिये जस्तै नै संस्कार हो भन्न सकिन्छ, तर छुट्टै विवाह नभै मात्र सुर्य पूजन कार्य हो ।

नेवार कन्या बाह्रा बस्दाको समयमा केबल महिलाहरु मात्र बसि उनलाई उमेर अनुसार आउने शारीरिक र मानसिक परिवर्तनहरु, ब्यक्तिगत स्वास्थ्य शिक्षा, बयस्क नारीले सम्मानजनक ढङ्गले समाजमा आफ्नो प्रस्तुतिकरणको शिक्षा आदिका बिषयमा परीपक्व महिलाहरुले ज्ञान दिने गर्दछन । बाह्रा-कोठामा 'बाह्रा-ख्याः'ले कन्याको रक्षा गर्नेछ भन्ने मान्यता पनि रहेको छ। बाह्राकोठा वास्तुगत रूपले सुर्यको प्रकाश सिधै भित्र नआउने तर परावर्तित प्रकाश मात्र भित्र आउने, दोहोरो हावा चल्ने अर्थात प्रशस्त हावाको प्रवेश वा भनौ अक्सिजन प्रशस्त पुग्ने हुनु पर्ने पारम्परिक मान्यता रहेको छ ।

आदिकालको गर्भाधान संस्कारबाट बिकसित हुँदै आजको युगमा 'बाह्रा च्वनेगु, बाह्रा तयेगु, बाह्रा पिकायेगु' सम्म आइपुग्दा यसलाई कहिले राख्ने हो भन्ने बिषयमा पनि धेरै नेवारहरु अलमल्लमा परेको देखिन्छ। यो उमेर अनुसार आउने प्राकृतिक परिवर्तन र त्यस सँग सम्बन्धित शिक्षा दिने बिषय भएकाले धेरै सानो उमेरमा बाह्रा राख्नु उपर्युक्त हुँदैन, किनकी निश्चित उमेर नपुगी बयस्क शिक्षा दिइदा बालिकाले नबुझिने पनि हुनसक्दछ । त्यस कारण महिला स्वास्थ्य सँग जानकार महिला बर्ग सँग नै परामर्श आवश्यक हुने गर्दछ । प्राकृतिक रूपले आँफै बाह्रा बसेको अवस्था भएमा महिला बर्गले उचित ब्यवस्था गरी चाजो-पाजो मिलाउनु पर्दछ । ज्योतिषीय दृष्टिकोणले, शुभ मुहुर्त देखाएर राख्नु पर्ने भएमा, बर्ष भरिमा यस्तो १२ दिन छनौट गर्ने गरिन्छ जुन भित्र २ पक्ष, २ शनिबार, २ आइतवार, २ फरक महिना नपर्ने गरी महिला बर्गले सगुन दिएर राख्ने प्रचलन रहेको छ ।

उचित उमेरमा उचित जीवन शिक्षा पाएकी नेवार बालिकाले भविस्यमा आफु, आफ्नो परिवार र आफ्नो समाजलाई राम्रो बाटोमा डोऱ्याउन सकून, नराम्रो चाल चलन र अरुको छल-कपट बाट बच्न सकून, आफ्नो स्वास्थ्यको हेरबिचार आँफै गर्न सकुन, जीवनलाई रस दिन श्रृङ्गारिक ज्ञान प्राप्त गरून आदी कामना गरी गरिने बाह्रा संस्कार, जसमा श्रीसुर्यदेवलाई समेत १२ दिन सम्म बेवास्ता गरी लुकेर ज्ञान प्राप्त गर्ने बिधी हो भन्नु उपर्युक्त हुन्छ। १२ दिन सम्म लुकी-छिपी रहेर ज्ञान प्राप्त गरेकोमा सूर्यभगवानको नित्य दर्शन नगरेकोले सुर्य-दोष नलागोस भनी श्रीसूर्यदेवलाई पूजा गऱ्यो भन्दैमा सुर्य सँग विवाह हो भनिनु अज्ञानता नै मान्नु पर्दछ ।

# की.न.पा. ९ मा विपद तथा जलवायु उत्थानशील समिति गठन



गत मंसिर ८ गते कीर्तिपुर नगरपालिकाले नगरस्तरीय “विपद् तथा जलवायु उत्थानशील समिति” को सार्वजनिकरण गरियो। उक्त समितिको पहिलो बैठकमा वडा स्तरीय समिति गठन गरिने निर्णय भए अनुसार मिति २०७४/०९/०५ गते बुधबारका दिन बिहान ८ बजे नगाउँ दोबाटो स्थित बै:ग: रेष्टुरेन्टमा वडा नं.९ को आयोजनामा “वडा विपद् तथा जलवायु उत्थानशील समिति” गठन गरियो। उक्त समिति गठन गर्नको लागि प्राविधिक सहयोगको रुपमा “सामुदायिक विकास समाज (CDS Nepal)” रहेको छ।

उक्त बैठकमा आयोजकको तर्फबाट अध्यक्ष गंगाराम महर्जन, सचिव श्रीकृष्ण महर्जन, नगर सदस्य समिति (न.स.स) का सदस्यहरु साथै सामाजिक परिचालिकाहरुको उपस्थिति थियो भने आमन्त्रित व्यक्तिहरुको तर्फबाट नगरपालिकामा विपद् व्यवस्थापन समितिका सदस्य सचिव कृष्ण भोला महर्जन, सामुदायिक विपद् व्यवस्थापन समिति (CDMC), विपद् व्यवस्थापन समिति (DMC), गैरसरकारी संस्था, महिला समूह, जेष्ठ नागरिक, अपाङ्गता भएका, शिक्षक वर्ग, सामुदायिक विकास समाजका सदस्य सचिव साथै सदस्यहरु गरी जम्मा ५७ जनाको उपस्थिति रहेको थियो।

उक्त बैठकको संचालिका प्रेम कुमारी श्रेष्ठ थिई। यसरी बैठकमा उपस्थिति भएका ५७ जना सदस्यहरुको बृहत छलफल पछि नियमावली सूचीबाट ११ जना र आमन्त्रित व्यक्तिहरुको तर्फबाट १३ जना छनोट गरी जम्मा २४ जनाको एउटा समिति गठन गरियो। यसरी गठन भएको समितिबाट आगामी दिनहरुमा भैपरी आउने विपद्को लागि तयारी गराउने साथै महिलाहरुको हकहितको लागि काम गर्ने कुरा बताएका छन्।

# पाहाडमा हामीले हारेका होइन जितेका छौं :यादव

संघीय समाजबादी फोरमका अध्यक्ष उपेन्द्र यादवले पत्रकारहरुसंगको एक भेटघाट कार्यक्रममा मधेशमा जस्तै अब पाँच बर्ष भित्रमा पहाड हुँदै हिमालसम्म बृहत संगठन बिस्तार गरि देशकै पहिलो शक्ती हुने दाबी गर्नु भएको छ।

अध्यक्ष यादबले अर्को सन्दर्भमा यसपटकको नीर्वाचनमा आफूहरुले पहाड र हिमालमा पाएको मत परिणाम सम्मानजनक भएको र प्राप्त जनमतबाट पार्टी र नेता कार्यकर्ताहरुले धेरै सिक्ने मौका पाएको दाबी गरेका छन साथै संघीय समाजबादी फोरमले मधेशमा जस्तै पिछडा बर्गको पक्षमा पहाड र हिमालमा पनि शसक्त आन्दोलन गरि संगठनलाई मजबुत गरि पाँच बर्ष पछाडी नेपालको पहिलो पार्टी बन्ने बताऊनु भएको छ।

पत्रकारहरुलाई जबाफ दिने क्रममा अध्यक्ष यादबले अहिले आफूहरुलाई बिगतदेखीनै सरकारमा आऊन प्रस्ताब पटक पटक आएता पनि सरकारमा नगएको दाबी गर्दै आफूहरुको पहिलो प्रथामीकता सरकार नभएको र सधै आफूहरु नेपालका उत्पिडीत समुदायको हक अधिकार सुनीस्चितता नभएसम्म सडक र सदनमा उत्पिडीत जनताको पक्षमा लागिरहने प्रतिबध्दता जाहेर गर्नुभएको छ।

अर्को पत्रकारहरुको जीज्ञासाको जबाफ दीने प्रसङगमा अध्यक्ष यादबले आफूहरु एमाले माओबादी र काङग्रेशले भनेजस्तै नेपालमा पानीजाहाज ,सगरमाथामा रेल कुदाऊने झुटो सपना कहिल्यै नदेखाऊने दाबी गर्दै झूठको खेती गर्ने राजनैतिक दलहरुलाई बिस्तारै सचेत नेपाली जनताले बिस्थापित गर्दै जानुपर्ने धारणा ब्यक्त गर्नुभएको छ भने पहाडमा तपाईहरुले सबै स्थानमा हार्नुभएको छ नी भन्ने पत्रकारहरुको जबाफ दिदै अध्यक्ष यादबले आफूहरुले मधेशमा जग बसालेर पहाड र हिमालमा ईट्टा थुपार्ने काम मात्र भएको र अबको पाँच बर्ष भित्र तराई देखी हिमाल सम्म हाम्रो पूर्ण घरले आकार लीईसक्ने र त्यो घर तपाई हामी सबै उत्पिडीत समुदायको साझा घर बन्ने दाबी गर्दै यही प्रश्न पाँच बर्ष पछी सोध्दा फरक पाऊने बिचार ब्यक्त गर्दै पत्रकारहरुलाई जनताको वास्तवीक समाचार सम्प्रेषण गरि सहयोग गरिदीन अनुरोध समेत गर्नुभएको छ।







## अन्धकारमा बत्तीहरु



**सरला रोकाया**
**कक्षा ११**
**शहिद स्मारक कलेज**

अन्धकारमा बत्तीहरु बाल्न बाँकी नै छ।
फोहोर मैला कसिङ्गर फाल्न बाँकी नै छ।
अझै पनि रुँदै छन आमा लुटिदै छन चेली।
दर्दनाक घाउमा मल्हम हाल्न बाँकी नै छ।
लक्ष्य पूरा नगरी विश्राम लिनु हुन्न साथी।
सत्यताको जनमार्ग चाल्न बाँकी नै छ।
आमाको नग्न शरीर हेर्दैछन ती दुष्टले
हैकमवादी विचार धारा ढाल्न बाँकी नै छ।

## चुनावी बुँथमा

**निलमकुमार थेचोमी**

चुनावी बुँथ बुथ
र लाईनहरूमा
देखिन्छ
कयौं बेरोजगार मलीन मुहारहरू
अभाव र महंगीले
झुकेका शिरहरू
निराशामा विदेशीन बाध्य
छोरा छोरीका आमाबुबाहरू
अनि एक्लीएकी अधाककगीनीहरू
अचेत !
मौन ! दबीएको आवाजहरू संगै
भोट हाल्न लामबद्ध !
के नेताहरूले मलीनो मुहारमा
हाँसो ल्याउन सक्ला त ?
अभाव र महंगाइ संग
लडिरहेका.... रुपिल्सीरहेका
जनताहरूको
आँसु पुछ्न सक्ला त ?
देशमा रोजगार सृजना गरी
बेरोजगारीमा मुस्लान पस्न
रोक्ला त ?
निमुखा जनताहरू
मौनताका साथ....
अत्तिको सिमा संगै...
आशावादीको घाम ताप्दै छन्।




# सहर्ष जानकारीकोलागि

बाघ भैरव संचालित बाघ भैरव बैंक्वेट नगाउँ, कीर्तिपुर-९ मा विवाह, ब्रतबन्ध आदि शुभकार्य र सेमिनार गोष्ठी लगायतको लागि प्रशस्त पार्किंगको व्यवस्था भएको बाघभैरव बैंक्वेटलाई सम्झनुहोस।



## बाघभैरब बैंक्वेट
नगाउँ, कीर्तिपुर–९

**सम्पर्क :**

**नविन श्रेष्ठ**
**पांगा पार्टी भेन्यू, पाँगा**
**फोन नं.९८५१०४९८११**

**महेश डंगोल**
**नगाउँ, कीर्तिपुर-९**
**९८५१०७२०७२**

# भर्ना खुल्यो ! भर्ना खुल्यो !!

मङ्गल बहुमुखी क्याम्पस, कीर्तिपुरमा शैक्षिक सत्र २०७४/०७५ को लागि ४ बर्षे BBS तथा BEd प्रथम बर्षमा नयाँ भर्ना खुल्यो। धमाधम फारम वितरण भैरहेको छ। आजै सम्पर्क राख्नुहोस्। समयः विहान ७ बजेदेखि नौ बजेसम्म

**हाम्रा विशेषताहरू:**

१) नमुना मंगल उ.मा.वि. (१०+२) लाई स्तरण गरेर नमुना रुपमा स्थापना गरिएको मङ्गल ब. क्याम्पस भएको।
२)छुट्टा छुट्टै Block मा BBS र BEd को कक्षा संचालन भएको।
३) सफा र शान्त शैक्षिक वातावरण भएको।
४) प्रत्येक संकायमा ७५ प्रतिशत भन्दा बढी नतिजा ल्याउन सफल भएको।
५) खेलाडी, गरिब, जेहेन्दार, दुर्गम लगायत विविध छात्रबृत्तिको व्यवस्था भएको।
६) उत्कृष्ट विद्यार्थीहरुलाई विभिन्न पुरस्कारहरुबाट सम्मानित गरिने।
७) नियमित अतिरिक्त क्रियाकलाप तथा शैक्षिक भ्रमण र हाइकिङको व्यवस्था भएको।
८) दक्ष र अनुभवी प्राध्यापकहरुद्धारा मैत्रीपूर्ण व्यवहारमा अनुसन्धान मुलक र व्यवहारपरक पठन पाठन गरिने।
९) मल्टिमेडिया, प्रोजेक्ट विधि तथा ग्रुप डिस्कसन विधिबाट अध्यापन गरिने।
१०) शैक्षिक गुणस्तर कायम राख्न नियमित मुल्यांकन र अतिरिक्त परीक्षाको व्यवस्था भएको।

**BBS & BEd भर्नामा विशेष छुट**

## मङ्गल बहुमुखी क्याम्पस
कीर्तिपुर, फोन नं. ४३३०५४४, ४३३५५६०


EXCHANGE
OFFER
on
ELECTRONIC PRODUCTS
हरेक नयाँ मोबाईल तथा ईलेक्ट्रोनिक सामानको खरिदमा
ELECTRIC
JUG
FREE
१० वटा बिग्रेको मोबाईल ल्याउनुस्
*शर्तहरू लागू हुनेछन् !
एउटा नयाँ मोबाईल सित्तैमा लिएर जानुस्
FREE SONG DOWNLOAD
FREE TEMPAR GLASS
FREE MOBILE SERVICING
Mobile Nikunj Traders Pvt. Ltd.
Kirtipur-9, Nayabazar, Kathmandu
Contact No.: 01-4333257
Email: mntraders791@gmail.com
Mobile Nikunj Impex Pvt. Ltd.
Kathmandu-14, Kuleshwor
Contact No.: 01-4284818
Email: mnimpex404@gmail.com
Mobile Nikunj Trading Pvt. Ltd.
Lalitpur-12, Prayag Pokhari
Contact No.: 01-5541066
Email: mntrading403@gmail.com

# ५००० वर्ष पहिले कृष्णले गरेका भविष्यवाणी हुँदैछन् सत्य सावित

भागवत गितामा संस्कृतमा लेखिएका श्लोकले हजारौं वर्ष देखि मानिसलाई सत्य, धर्म र मोक्षको बाटोमा हिडाएको छ। भगवान कृष्ण र अर्जुन बिच महाभारतको युद्धको बखत युद्धभुमीमा भएको संवादलाई राजा धृतराष्ट्रका सारथी संजयले सुनाएका थिए।

भागवत गिता पुरै पढ्नेले याद गर्छन् कि यसको अन्त्यमा कलियुगको लागि केही भविष्यवाणी गरिएका छन्।

भबिष्यवाणी १

धर्म, सत्यता, स्वच्छता, सहिष्णुता, दया, उमेर, शारीरिक बल तथा सम्झने शक्ति दिनानु दिन कलिको प्रभावले घट्दै जानेछ। श्रीमद् भागवत् १२-२-१।

भबिष्यवाणी २

कलियुगमा केवल 'धन' मात्र मानिसको राम्रो जन्म, उचित व्यवहार र असल गुणको आधार मानिनेछ। कानुन र न्याय मानिसको शक्तिको आधारमा लागु हुनेछ। श्रीमद् भागवत् १२-२-२।

भबिष्यवाणी ३

पुरुष र महिला केबल सतही आकर्षणको कारणले गर्दा मात्र मिलेर बस्नेछन। व्यापार र सफलता केवल छलमा निर्भर हुनेछ। पुरुषत्व केवल शारीरिक सम्पर्कको अनुभवको आधारमा मापन गरिनेछ र मानिस एउटा डोरो बाधेको आधारमा ब्राह्मण कहलिनेछ।श्रीमद् भागवत् १२-२-३।

भबिष्यवाणी ४

व्यक्तिको आध्यात्मिक स्थिति बाहिरी चिज तथा वस्तुहरुमै निर्भर हुनेछ र यहि आधारमै व्यक्तिको आध्यात्म परिवर्तन हुनेछ। जीविकोपार्जन राम्रो गर्न सकेन भने व्यक्तिको मर्यादामा प्रश्न उठ्नेछ। जो धेरै शब्दहरुमा खेल्न सक्छ र गफ हाँक्न सक्छ, उ नै सबैभन्दा विद्वान ठहरिनेछ।

श्रीमद् भागवत् १२-२-४।

भबिष्यवाणी ५ कुनै व्यक्तिसंग धन छैन भने उ अधर्मी मानिनेछ। छल र कपटलाइ सद्गुण मानिनेछ। केवल मौखिक सहमतिले विवाह गरिनेछ, र कसैले स्नान मात्र गरेको छ भने सोच्ने छ कि उ सार्वजनिक रुपमा अरुको अगाडी आउन लायक छ। श्रीमद् भागवत् १२-२-५।

भबिष्यवाणी ६

एक पवित्र स्थान केवल टाढा रहेको पानीको कुण्डमा सिमित हुनेछ र सौन्दर्य कसैको कपालमा छ भन्ने सोचिनेछ। भुडि भर्ने जीवको लक्ष हुनेछ र जो कठोर छ उ नै सत्यवादी कहलिनेछ। जसले परिवार पाल्न सक्छ उ विशेषज्ञ मानिनेछ र धर्मका सिद्धान्त प्रतिष्ठा जोगाउनको लागि मात्र पालना गरिनेछ। श्रीमद् भागवत् १२-२-६।

भबिष्यवाणी ७

जब पृथ्वी यसरी भ्रष्ट मानिसहरुले भरिन्छ तब ती व्यक्तिहरु मध्य जसले आफुलाइ शक्तिशाली देखाउन सक्छ उसले राजनैतिक शक्ति पाउने छ। श्रीमद् भागवत् १२-२-७।

भबिष्यवाणी ८

अनिकाल र अत्याधिक करको कारण मानिसहरु पात, जरा, मासु, जंगली मह, फल, फूल र बीउ खान बाध्य हुनेछन्। खडेरीले गर्दा सबैकुरा बर्बाद हुनेछ। श्रीमद् भागवत् १२-२-९।

भबिष्यवाणी ९

मानिसहरु चिसो, हावाहुरी, तापक्रमको बृद्धी, बर्षा तथा हिउँबाट प्रभावित हुनेछन्। यसको साथै आपसी झगडा, भोक, प्यास, रोग तथा चिन्ता तथा थकाइको सिकार हुनेछन।

श्रीमद् भागवत् १२-२-१०।

भबिष्यवाणी १० कलियुगको लागि मानिसको उच्चतम उमेर ५० बर्ष हुनेछ। (यो भने पुरा भएको छैन, तर मानिसको बाँच्ने औसत उमेर भने कम भएको छ।) श्रीमद् भागवत् १२-२-११।

भबिष्यवाणी ११

मानिसहरुले आफ्ना वृद्ध आमाबुबाको रक्षा गर्ने छैनन। श्रीमद् भागवत् १२-२-१२।

भबिष्यवाणी १२ कलियुगमा मानिसहरुले केहि सिक्काको लागि मात्र पनि क्रोध पैदा गर्नेछन। सबै मित्रवत् सम्बन्धलाइ त्याग्नेछन् र आफ्नो र अरुको ज्यान लिनको लागि तयार हुनेछन्। श्रीमद् भागवत् १२-३-४१।

भबिष्यवाणी १३ संस्कार नभएका मानिसहरुले भगवानको लागि भनि दान स्वीकार गर्नेछन् जसलाइ धर्म र संस्कृतिको बारेमा ज्ञान हुदैन उनै सबैभन्दा अग्लो कुर्सीमा बसेर धार्मिक प्रवचन दिनेछ। श्रीमद् भागवत् १२-३-३८।

भबिष्यवाणी १४

सेवकहरुले उसको मालिकको धन सकिए पछि छाड्नेछन् चाहे त्यो मालिक सन्त र उदाहरणीय व्यक्ति नै किन नहोस्। मालिकले परिवारमा पुस्तौबाट रहदैआएका सेवकहरु अशक्त भएमा परित्याग गर्नेछन। जब दुध दिन छोड्दछन् तब गाइहरु वेवारिसे छिडिनेछन वा मारिनेछन्।

श्रीमद् भागवत् १२-३-३६।

भबिष्यवाणी १५ सहरहरु चोर तथा फटाहहरुले लिनेछन। वेद नास्तिकहरुको गलत व्याख्याले भरिनेछ। राजनैतिक नेताहरुले विस्तारै जनता भस्म पार्नेछन्। पंण्डित तथा बुद्धिजीवीहरु पेट तथा जनेन्द्रियका भक्त हुनेछन। श्रीमद् भागवत् १२-३- ३२।


## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**जनाधार सामुदायिक क्याम्पस पाँगामा शैक्षिक सत्र २०७४/०७५ का लागि ४ वर्षे BBS प्रथम वर्षमा नयाँ भर्ना खुल्यो।**

हाम्रा विशेषताहरू

१.नमूना जनसेवा माविको ऐतिहासिक पक्षलाई आधार बनाई अघि बढाइएको।
२.BBS का लागि छुट्टै Language Lab को स्थापना भएको।
३.सफा र शान्त, व्यवस्थित शैक्षिक वातावरण भएको।
४.७० प्रतिशत भन्दा बढी नतिजा ल्याउन सफल भएको।
५.खेलाडी, गरिब, जेहेन्दार, दुर्गम लगायत विवि छात्रवृत्तिको व्यवस्था भएको।
६.उत्कृष्ट विद्यार्थीहरूलाई विभिन्न पुरस्कारबाट सम्मानित गरिने
७.नियमित अतिरिक्त क्रियाकलापको व्यवस्था भएको।
८.दक्ष र अनुभवी प्राध्यापकहरूद्वारा मैत्रीपूर्ण व्यवहारमा पठनपाठन गरिने।
९.मल्टिमेडिया तथा परियोजना कार्यमा आधारित शिक्षण विधि प्रयोग गरिने।
१०.शैक्षिक गुणस्तर कायम राख्न नियमित मूल्याङ्कन र आन्तरिक परीक्षाको व्यवस्था भएको।

JANADHAR COMMUNITY CAMPUS

## जनाधार सामुदायिक क्याम्पस

पाँगा, कीर्तिपुर सम्पर्क नं. ४३३०८८०/४३३१९८२

twitter.com/ndcl_nt facebook.com/NepalTelecom.NT instagram.com/nepaltelecomofficial

# ALL TIME VOICE PACK

**सस्तो दर, भरपुर कुरा**





SAVE UPTO
**76%**

| PRICE (NRS.) | TOTAL MINUTES | VALIDITY (DAYS) |
|---|---|---|
| 10 | 11 | 1 |
| 25 | 30 | 3 |
| 50 | 75 | 5 |
| 100 | 200 | 10 |
| 200 | 425 | 20 |
| 300 | 650 | 30 |
| 550 | 1200 | 60 |

**Voice within NT Networks*
**Only for GSM & CDMA users*
**All prices are Inclusive of Govt. Taxes*

OFFER VALIDITY :
23rd Kartik to 24th Magh 2074

TO SUBSCRIBE
***1415*1#**

FOR MORE INFO, PLEASE VISIT
**www.ntc.net.np**

राष्ट्रको संचार
NEPAL TELECOM

# हार्दिक बधाई



प्रतिनिधिसभा सदस्य श्री राजेन्द्र कुमार के.सी.



प्रदेशसभा सदस्य श्री पुकार महर्जन

काठमाडौं क्षेत्र नं.१० प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनु भएका

**श्री राजेन्द्र कुमार के.सी.**ज्यू,

र काठमाडौं क्षेत्र नं.१० क प्रदेश सभा सदस्यमा निर्वाचित हुनु

भएका **श्री पुकार महर्जनज्यू**लाई

हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको कामना गर्दछौं ।

## राजेन्द्र बानियाँ

**वडाध्यक्ष**

**तथा**

**कीर्तिपुर नगरपालिका वडा नं. ४ परिवार**

कीर्तिपुर

# हार्दिक बधाई



प्रतिनिधिसभा सदस्य श्री राजेन्द्र कुमार के.सी.



प्रदेशसभा सदस्य श्री पुकार महर्जन

काठमाडौं क्षेत्र नं.१० प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनु भएका **श्री राजेन्द्र कुमार के.सी.**ज्यू, र काठमाडौं क्षेत्र नं.१० क प्रदेश सभा सदस्यमा निर्वाचित हुनु भएका **श्री पुकार महर्जनज्यू**लाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताको कामना गर्दछौं ।

**राजेन्द्र कुमार महर्जन**

**वडाध्यक्ष**

**तथा**

**कीर्तिपुर नगरपालिका वडा नं. ५ परिवार**

कीर्तिपुर

# एकहप्ते चित्रकला प्रदर्शनी









झण्डै तीनदशक भन्दा बढी चित्रकारितामै साधनारत् कीर्तिपुर का राजमान महर्जनको संयोजनमा एकहप्ते चित्रकला प्रदर्शनी हुने भएको छ ।

ट्रीमिडियान्यूजको रिपोर्टर्स क्लबमा आयोजित चित्रकला प्रदर्शनी यही पुस १० देखि १५ गते शनिबारसम्म हुने भएको हो ।

कीर्तिपुर नगरक्षेत्र भित्रका झण्डै ३४ विद्यालयमध्ये ९ वटामा अध्ययनरत् बालबालिकाहरूले विभिन्न शिर्षकमा कोरिएका चित्रहरू प्रस्तुत गरिएका छन् । जसमा १.क्रिएटिभ एकेडेमी, २.उज्ज्वल शिशु निकेतन, ३.पुष्पसदन आवासीय मा.वि., ४.पाँगा उ. मा.वि, ५.हिलटाउन मा.वि. ६.मोडर्न इन्डियन स्कुल, ७. लेबोरेटरी उच्च मा.वि. ८. आदिनाथ मा.वि ९.लिटिल स्टेप्स स्कुल आदि रहेका छन ।

ट्रीमिडियान्यूजको प्रायोजनमा प्रदर्शित चित्रहरूमध्ये उत्कृष्ट तीनजनाको चित्रहरू समेटेर भिडियो प्रोफाइल बनाइने र तीमध्ये एकलाई प्रथम पुरस्कार प्रदान गरिने ट्रीमिडियाका अध्यक्ष अनिश नापित बताउँछन् ।

कीर्तिपुर क्षेत्रमा पर्वको रूपमा शुरूआत् भएको चित्रकला प्रदर्शनीलाई नियमित गर्दै लगिने संयोजक राजमानले बताएका छन् ।

सो प्रदर्शनीमा आ-आफ्ना बालबालिकाहरूलाई अवलोकन भ्रमण गराइदिन दक्षिणकाली, चन्द्रागिरि तथा कीर्तिपुर नगरक्षेत्रका सम्पूर्ण विद्यालयहरूलाई खुल्ला आमन्त्रण गरिएको चित्रकार महर्जनले बताएका छन् ।

## पुष २२ गते पहिलो मिडिया फेष्टिबलको लागि व्यापक तयारी



व्यवसायीक पत्रकारिताको आधार समावेशी संचार भन्ने मूल नारा सहित समावेशी संचारका लागि नेवाः पत्रकार राष्ट्रिय दबूले पहिलो मिडिया फेष्टिबलको आयोजन गर्ने क्रममा व्यापक तयारी गरेको छ । आउँदो पुष २२ गते ललितपुरको दरवार स्ववायर क्षेत्रमा गर्ने सो फेष्टिबलका लागि दबूको चितवन, मकवानपुर, काभ्रे, भक्तपुरदेखि काठमाण्डौं जिल्ला शाखामा समेत विशेष भेला गरेको छ । सो महोत्सवमा समावेशी संचारका अगुवा वाङमय शताब्दी पुरुष सत्यमोहन जोशीलाई सम्मान गर्ने, नेपालभाषा आदिवासी जनजाति लागयत विभिन्न भाषाका संचार गृहका प्रकाशण तथा प्रशारणको स्टल प्रदर्शनी, कलाकार पत्रकार हरुको सांस्कृतिक प्रस्तुति, नेवाः पत्रकारहरुको टेलिफोन डायरी प्रकाशन गर्ने, नेपालभाषाका पत्रकारहरुको विशेष बुलेटिन प्रकाशित गर्ने साथै नेपाल पत्रकार महासंघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ र मातृभाषाका पहिलो नेपाली पत्रकार धर्मादित्य धर्माचार्यको तस्विर सहितको क्यालेण्डर प्रकाशित गर्ने तयारी गरेको छ । सो महोत्सवका लागि ललितपुर को पुल्चोकमा सचिवालय संचालन गरेको कुरा दबूले जनाएको छ । मिडिया फेष्टिबलको क्रममा समावेशी संचारको सवालमा संचार विज्ञहरुसंग डबली बहस र स्थानीय तहका जनप्रतिनिहरुसंग मातृभाषको पत्रकारिकता, समावेशीता र स्थानीय पत्रकारि ताको सवालमा डबलि बहस गर्ने कार्यक्रम समेत रहेको नेवाः पत्रकार राष्ट्रिय दबूले जनाएको छ ।




## गोल्डेन डायमण्डले पत्रकारिता विकासका लागि सहयोग गर्ने



ललितपुर । गोल्डेन डायमण्ड एण्ड ज्वेलरीले सामाजिक उत्तर दायित्वको अवधारणा अनुसार पत्रकारिता सम्बद्ध पाँच वटा तालिमका लागि आर्थिक सहयोग गर्ने भएको छ ।

ललितपुर महानगरपालिका १२ हःखामा रहेको सो ज्वेलरीले नेवाः पत्रकार राष्ट्रिय दबूसँग सहकार्य गरेर मुलुकका विभिन्न जिल्लामा पत्रकारिता तालिम सञ्चालन गर्न लागेको हो । आइतबार ललितपुरमा आयोजित कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष समेत रहेका ज्वेलरीका प्रमुख ज्ञानराज शाक्य अस्वस्थ रहेका कारण उनकी श्रीमती सुनिता शाक्य र समिस शाक्य र पत्रकार दबूको तर्फबाट केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले हस्ताक्षर गरे । सो अवसरमा पत्रकार दबूका केन्द्रीय सल्लाहकार तथा राष्ट्रिय समाचार समितिका प्रधान सम्पादक राजु शाक्यले व्यावसायिक संस्थाले पत्रकारिताको विकासको लागि सहयोग गर्ने कार्य सामाजिक उत्तरदायित्वको अवधारणा अनुरुपको नौलो अभ्यास रहेको बताए । यसले समावेशी सञ्चारको विकासका लागि दूरगामी प्रभाव पार्ने पनि उनको भनाई छ । पत्रकार दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले व्यावसायिक संस्थाले पत्रकारि ताको विकासका लागि सहयोग गर्ने कार्य अन्य व्यावसायिक संस्थाका लागि उदाहरणीय साबित हुने विश्वास व्यक्त गरे ।

# हार्दिक बधाई




प्रतिनिधिसभा सदस्य श्री राजेन्द्र कुमार के.सी.



प्रदेशसभा सदस्य श्री पुकार महर्जन

काठमाडौं निर्वाचन क्षेत्र नं. १० बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनु भएका **श्री राजेन्द्र कुमार के.सी.ज्यू** र निर्वाचन क्षेत्र नं. १० “क” बाट प्रदेश सभा सदस्यमा निर्बाचित हुनु भएका **श्री पुकार महर्जनज्यू** लाई हार्दिक बधाई ज्ञापन गर्नुका साथै कार्यकाल सफलताको कामना गर्दछौं ।

**गणेशमान सिंह स्मृति अध्ययन केन्द्र**

**पाँगा, की.न.पा. ८**

# रानीपोखरी विवादः उपमेयर पुग्दा ताला लाग्यो, मेयरले तोडे



११ पुस, काठमाडौं। रानीपोखरीको पुनर्निमाणका विषयमा महानगरभित्र नै विवाद चर्किएको छ। उपमेयर हरिप्रभा खड्गीसहित पुगेको सम्पदाविदको टोलीले विहान लगाएको तला मेयर विद्यासुन्दर शाक्यले तोडेका छन्।

रानीपोखरी पुनर्निर्माणमा क्रंक्रिट प्रयोग गरिएपछि सम्पदाविद्हरुले चर्को विरोध गर्दै आएका छन्। उपमेयर खड्गीले मंगलबार रानीपोखरीको अवलोकन गरेपछि काम रोक्नु पर्ने बताएकी थिइन्। लगतै वडाध्यक्षकै रोहबरमा ‘सम्पदा प्रेमी काठमाडौंबासी’को नाम सम्पदाविद्हरुले ताला लगाएका छन्। रानीपोखरीका ताला लागेपछि मेयर शाक्य पनि तत्कालै रानीपोखरी पुगे। उनको निर्देशनमा नगर प्रहरीले ताला तोडेको छ। मेयर शाक्यले पनि पुनर्निर्माणको कामको निरीक्षण गरेका छन्।

**के भन्छन् मेयर र उपमेयर ?:** रानीपोखरी पुनर्निर्माणलाई लिएर मेयर र उपमेयर दुई ुवमा उभिएका छन्। उपमेयर खड्गीले मेयर शाक्यले आफूहरुसँग परामर्श नगरेको गुनासो मात्र गरिनन्, काम रोक्नु पर्ने मत राखिन्। ‘मैले ताला लगाएको हैन, म त्यहाँ पुगेर अवलोकन गरेको हुँ, म फर्किएपछि मेयरसा’बले त्यहाँ जाउँ भन्नुभएको थियो मैले गएर आइसकेँ भने,’ खड्गीले भनिन्, ‘मैले मान्छेहरुको ठूलो भीड भने त्यहाँ जम्मा भएको देखेको थिएँ।’ उनले रानीपोखरीजस्तो सम्पदामा क्रंक्रिट प्रयोग गर्न नहुने दोर्होयाइन्। क्रंक्रिट प्रयोग गर्न पुरातत्व विभागले स्वीकृति नदिएको भन्दै उनले सम्पदाविदहरुको राय अनुसार अघि बढ्नु पर्ने बताउँछिन्।

मेयर शाक्यले भने आफूहरु निवा्चित भएर आउनु अघि नै रानीपोखरीको काम भइरहेकाले आफूलाई मात्र दोष नदिन आग्रह गरे। आरोप प्रत्यारोप गरेर मात्र नहुने भन्दै उनले पुनर्निर्माण प्राधिकरण लगायत छलफल गरेर अघि बढ्न आफू तयार रहेको बताए।


## १०औं साधारण सभाको सूचना

यस संस्थाको संचालक समितिको मिति२०७४/८/३ मा बसेको बैठकको निर्णय अनुसार १० औं साधारण सभा हुन गईरहेको हुँदा सम्पूर्ण शेयर धनी महानुभावहरुमा पत्र प्राप्त नभएका शेयरधनीहरुले यसैलाई सूचना मानी उक्त साधारणसभामा अनिवार्य उपस्थित हुन सम्पूर्ण आदरणीय महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं।

सभामा छलफल हुने प्रस्तावहरु :

१. उपाध्यक्षको तर्फबाट स्वागत मन्तव्य
२. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन।
३. आ.व. २०७३/०७४ को लेखा परीक्षकको प्रतिवेदन।
४. आ.व. २०७३/०७४ को लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्वन्धमा।
५. साधारण सभाको निर्णय पुस्तिकामा शेयर धनीको तर्फबाट एक जना तथा संचालक समितिको तर्फबाट एक जना प्रतिनिधि छनौट गर्ने सम्बन्धमा।
६.शेयरधनी महानुभावहरुबाट सुझाव तथा छलफल
७. विविध :

दशौं साधारण सभा हुने स्थान र समय
स्थान : कीर्तिपुर ९ नयाँबजार टाउन प्लानिङ्गस्थित सहकारी भवनमा
मिति : २०७४ पौष १५ गते, शनिवार
समय : विहान ८ बजे अनिवार्य उपस्थित हुने

भिजन कीर्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.
टाउनप्लानिङ्ग, हनुमानघाट नयाँबजार
फोन नं. ४३३६२३७

## खुसीको खबर ! खुसीको खबर !!

हाम्रो यहाँ विभिन्न प्रकारका बेकरी आइटम उत्पादन गरिनुका साथै बर्थडे केक, पेस्ट्री, ब्रेड, पिजा बरगर, डोनोट, सन्याक्स, पेटीज, अन्य थुप्रै आइटम पाउनुका साथै अर्डर अनुसार पार्टी, ब्रतबन्ध, बिबाह तथा सम्पूर्ण शुभ कार्यको लागि होम डेलिवरी गरिनुका साथै रेष्टुरेन्ट क्यान्टीन डेरीको लागि विशेष छुटको व्यवस्था गरिएको छ।
(Special Cake) बनाईन्छ।
सम्पर्क : ९८६८८५९८४०

उग्रतारा फ्रेस बेकरी
लोकतान्त्रिक चोक, कीर्तिपुर
नयाँबजार, गेट नजिकै

क्रिसमसको अवसरमा विशेष छुटसहित





पिशोन ज्वेलर्स
कीर्तिपुर १६, नगाउं
यहां सुन, चांदीका गरगहना पाउनुका साथै विशेष चांदीका गहना होलसेल मुल्यमा बिक्री गरिन्छ।
फोन नं. ९८०७३६४०१७, ९८०४०९३९५८
मेगस् स्कूलसँगै हाम्रो आफ्नै कारखानामा गरगहना तयार गरिने र जात्राको अवसरमा नेवारी सिक्रि र लकेट विशेष छुटमा पाइन्छ।

# भावपूर्ण श्रद्धाञ्जली

जन्मः
१९७४



स्वर्गारोहण :
२०७४/७/२९

**मदुम्ह श्रीमती ज्ञानीमाया महर्जन**

न्हियान्हिथं लुमंकेबहःम्ह जिमि मां/अजि **ज्ञानी माया महर्जन** १०० (सच्छि) दँय् वंगु कार्तिक २९ गते बुधवाः आकाभ्काकां मदुगु थ्वहे पौष १४ गते लत्याया पुण्यतिथिसं सुखावति भुवनय् बास लायेमा धकाः मनंतुनां दुःखंकःपिं सकल छेँजःपिन्सं मनचिइ फयेमा धकाः बिचाः हायेका च्वना ।

उज्याल महर्जन/प्रमेन्द्र महर्जन
राधेश्याम महर्जन/हिरा महर्जन
पुरुषोत्तम महर्जन/शिशु महर्जन
सिरिसा महर्जन

नन्दकुमारी महर्जन/मर्जिमान सिंह
अनन्त मान सिंह
अमन मान सिंह

विष्णुमाया महर्जन/विनयलाल डंगोल
ओसिस डंगोल

सविता महर्जन/दिपेन्द्र महर्जन
दीपशिखा महर्जन

प्रभा लक्ष्मी महर्जन/अर्जुन महर्जन
अन्जिस महर्जन
एलेक्स महर्जन

रोशनी महर्जन /नवीन बज्राचार्य
नसना बज्राचार्य

लक्ष्मी महर्जन
किशोर महर्जन/संगिता महर्जन
रामेश्वर महर्जन/रजला महर्जन

संगीता महर्जन/राजेन महर्जन
सजेन महर्जन

मिनाकुमारी महर्जन/डा.महेन्द्र महर्जन
मनोज्ञा महर्जन
प्रज्ञा महर्जन
मिजेन महर्जन

लक्ष्मीकुमारी महर्जन/ज्ञानमानमहर्जन
ज्ञानेन्द्र महर्जन/कविता(बहिनी) महर्जन
नरेन्द्र महर्जन/विनामती महर्जन
नरेश महर्जन/सनी महर्जन

मसला नानी/हरिनारायण महर्जन
ममता महर्जन
सोनिमा महर्जन
जेनिका महर्जन

# भर्ना खुल्यो ! भर्ना खुल्यो !!

यस **हिलटाउन स्कूलमा** नयाँ शैक्षिक सत्र **२०७५** को लागि **प्ले-ग्रुप** (P.G) **मा** नयाँ भर्ना खुल्यो ।

तुरुन्त सम्पर्क राख्नुहोला ।

Light over Shade

फोन नं.
४३३१७३९, ४३३१४०७


# सुँघेर रङ पत्ता लगाउने पोखराकी दीप्ति



काठमाडौं । पोखराकी ११ वर्षीया दीप्ति रेग्मी यतिबेला चर्चाको विषय बनेकी छिन् । समाजिक सञ्जाल हुँदै उनीबारे अन्तर्राष्ट्रिय सञ्चार माध्यमले समेत समाचार बनाइरहेको छ । शिशिनिकेतनमा कक्षा ५ मा अध्ययनरत दीप्ति सुँघेर रंग पत्ता लगाउन सक्छिन् । उनी यो अनौठो शक्ति भगवानबाट प्राप्त भएको बताउँछिन् ।

उनको यो अवस्थाबारे नेपालका डाक्टरले केही नबताए पनि यो अवस्था 'साइनेस्थिया' नामक सुँघ्नेसम्बन्धि विकारसँग मिल्दो जुल्दो रहेको डेली मेलमा प्रकाशित समाचारमा उल्लेख गरिएको छ । यस्तो अवस्थामा केही मानिसहरुको इन्द्रिय शक्ति अनौठो बन्ने गर्छ जसमा उनीहरु रंगलाई सुँघ्न, सुन्न र स्वाद लिन सक्छन् । यति बेला समाजिक सञ्जाल युट्युबमा चर्चित बनेको दीप्तिको एउटा भिडियोमा उनले आँखा बन्द गरेर रंगलाई नाकले सुँघेर पत्ता लगाएको देखाइएको छ । त्यस्तै उनले पत्रिकामा लेखिएका शब्दहरु छामेर पढ्न सकेको पनि देखाइएको छ। स्थानीय समाचारहरुलाई उद्धृत गर्दै डेली मेल लेख्छ, 'उनले आफ्नो यो क्षमताको बारेमा गत वर्ष थाहा पाएकी थिइन् । त्यसपछि उनले आफ्नो सुँघ्ने शक्तिलाई अझ तिर्खान प्रशिक्षण शुरु गरिन् ।' उनको उक्त भिडियो पुष्कर नेपाल नामक युवाले रेकर्ड गरेका हुन् ।

स्थानीय मिडियासँग कुरा गर्दै पुष्करले भने, 'देख्लान् कि भनेर मैले उनको आँखामा लगाएको पट्टी चेक गरेको थिएँ । उनले सुँघेर रंग पत्ता लगाउने र छामेर अक्षर चिन्न सक्ने क्षमता देखेर म दंग परे ।'

'यति सानो उमेरामा पनि उनी समाजप्रति जिम्मेवार रहेको पाए' पुष्कर भन्छन्, 'आफ्नो क्षमताको प्रयोग दृष्टिविहिनहरुलाई सहयोग गर्न प्रयोग गर्ने उनले बताइन् ।' दीप्ति पढाईमा पनि उत्तिकै अब्बल छिन् । यता, उनको यो अनौठो क्षमता देखेर उनका आमाबाबुदेखि शिक्षकहरु सबै दंग छन् । यसअघि लण्डनका २९ डेभ इभान्सको यस्तै प्रकारको अनौठो अवस्था रहेको थियो । कसैले केही शब्द उच्चारण गर्दा उनले खानेकुराको स्वाद थाहा पाउने गरेका थिए । कसैले 'इस्ट' भने कर्नफ्लेक्स र 'ब्रिस्टल' भने उनको मुखमा सुंगुरको मासुको स्वाद आउँथ्यो ।

त्यस्तै नटिङह्यामका २२ वर्षीया क्याथरिन ज्याकसनले 'र ोरी' नाम सुन्दा उनको मुखमा गाँजरको स्वाद आउने समाचार प्रकाशित भएका थिए ।


# दशौं साधारण सभाको सूचना

यस शंखापुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको मिति२०७४/९/२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार दशौं साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण शेयर धनी महानुभावहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०७४ पौष १५ गते शनिवार**

**समय : विहान ९ बजे**

**स्थान : टोखा केब मिनि फन पार्क, टोखा**

**भेला हुने स्थान तथा समय**

समय: विहान ७ बजे गाडीको व्यवस्था भएकोले तोकिएको समयमा भेला भईदिनु हुन अनुरोध छ । तोकिएको समयभन्दा ढिला उपस्थित भई गाडि छुटेमा संस्था जवाफदेही हुने छैन ।

स्थान : शंखापुर बहुउद्देश्यीय सहकारी कार्यालय, शहिदपथ

**शंखापुर बहुउद्देश्यीय सहकारी संस्था लि.**

शहिदपथ, पाँगा, कीर्तिपुर-८

फोन नं.४३३६२४४



# नवौं साधारण सभाको सूचना

यस सहकारी संस्थाको संचालक समितिको २०७४/०८/१६ गते बसेको बैठकको निर्णय अनुसार नवौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुवभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ ।

**मिति : २०७४ पौष २२ गते शनिवार**

**स्थान : पुष्पलाल पार्क (गोदाम चौर)**

**समय: विहान ७.३० बजे ।**

**पुष्पलाल पार्क जान यस सहकारीको प्रागणबाट विहान ७.३० बजे बस छुट्ने छ । तोकिएको समयमा उपस्थित नभई बस छुट्न गएमा संस्था जवाफदेही हुने छैन ।**

आस्था बचत तथा ऋण सहकारी संस्था लि.

नयाँबजार, कीर्तिपुर -९

फोन नं. ४३३६३९४सा

# हार्दिक समवेदना

जन्म मितिः
वि.सं.
१९९२/७/४



निधनः
वि.सं.
२०७४/७/२३

**स्व.जुजुभाइ महर्जन**

हाम्रा मित्र श्री दिल कुमार महर्जनको पिता **जुजुभाइ महर्जन** ८२ वर्षको उमेरमा असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**समवेदना दिनेहरु**

१. नरेश महर्जन
२. बुद्धिमान महर्जन
३. राजु महर्जन
४. नन्द किशोर शाही
५.विकास महर्जन
६. राजमान महर्जन
७. सकेश महर्जन
८. मनोज बुढाथोकी
९. सुरज महर्जन
१०. अरुण श्रेष्ठ
११. सञ्जय महर्जन
१२. मिनवहादुर महर्जन
१३. कनिक महर्जन
१४. विज्ञेन महर्जन
१५. कबिन्द्र महर्जन
१६. रबिन्द्र महर्जन
१७. विनोद महर्जन
१८. कृष्ण श्रेष्ठ
१९. सुजन महर्जन
२०. रामेश्वर महर्जन
२१. नरेन्द्र श्रेष्ठ
२२. राम शरण के.सि.
२३. सन्तोष के.सी.
२४. सहदेव भण्डारी
२५. ठाकुर विष्ट
२६. विनेश विष्ट
२७. दिनेश अधिकारी
२८. मेघराज ज्ञवाली
२९. रघुनाथ बस्नेत
३०. आकाश रेग्मी
३१. टंक प्रसाद ढुंगाना
३२. दिलिप महर्जन
३३. जयश्वर महर्जन
३४. श्याम महर्जन
३५. आर.के.थापा
३६. दिनेश महर्जन
३७. रबिन के.सी.
३८. रेणुलाल महर्जन
३९. संगम महर्जन
४०. राकेश बुढाथोकी
४१. राजेन्द्र महर्जन
४२. लक्ष्मिवहादुर श्रेष्ठ
४३. राजेश श्रेष्ठ


दर्शन
ट्रेड एण्ड सप्लायर्स
शिल्ड, ट्रफी,
मेडल, मायाको
चिनो, अवार्ड आदि
उचित मूल्यमा
उपलब्ध छ।
साथै टि-सर्ट प्रिन्ट
तथा ब्याग प्रिन्ट
गरिन्छ ।
WINNER
Importer & Wholesaler
कीर्तिपुर–१०, काठमाडौं
सम्पर्क नं.: ०१–४३३४४७४, ०१–४३३१८८२

## विचित्र संसार

# यस्तो समाधीस्थल, जहाँ फूल होइन चुरोट चढाइन्छ



समाधीस्थलमा फूल, अगरबत्ती, खादा आदि चढाउने चलन छ। तर भारतको उत्तरप्रदेशको राजधानी लखनउमा रहेको एक समाधीस्थलमा चाहीँ मानिसहरुले फूल, अगरबत्ती र खादा होइन चुरोट चढाउने गर्छन्।

उक्त समाधीस्थल वेल्स नामक एक क्रिस्चियन सिपाहीको हो, तर त्यहाँ हिन्दु तथा मुस्लिम लगायत सबै धर्मका मानिसहरु आउँदछन्। चुरोटवाला बाबाको नामले समेत चिनिने वेल्सको समाधीस्थलमा आएर मानिसहरु चुरोट सल्काएर चढाउँछन्।

लखनउको मुसावागमा यो समाधीस्थल छ, जुन पहिले खण्डहर थियो। तर अहिले यहाँ तरकारी गोदाम बनिसकेको छ। मुसावागमा भारतीय स्वतन्त्रता अगाडि अंग्रेज बस्दथे। १८५७ को सिपाही विद्रोहका क्रममा त्यहाँको अंग्रेज सेनाको भवन ध्वस्त भयो र गोली लागे क्याप्टेन वेल्स पनि मारिए।

वेल्स चुरोट तथा रक्सीका शौखिन थिए। सोही मान्यताका आधारमा त्यहाँ चुरोट चढाउने गरिएको विश्वास छ। त्यहाँ चुरोट चढाउनका लागि प्रेमजोडीहरु धेरै आउँछन्। जोडीहरुले सिगरेट बाबालाई चुरोट चढाएमा प्रेम कहिल्यै नटुट्ने मान्यता छ। एजेन्सीको सहयोगमा




# यस्तो सहर, जहाँ वर्षैभरी क्रिसमस मनाइन्छ

डिसेम्बर २५ मा क्रिस्चियन धर्मावलम्बीहरुले क्रिसमस मनाउँछन्। तर अमेरिकामा एउटा यस्तो सहर छ जहाँ केवल एक दिन होइन, वर्षका ३ सय ६५ दिन नै क्रिसमस मनाइन्छ।

१९ औं सताब्दीपछि यो सहरलाई सान्टा क्लज नाम दिइएको छ। इण्डियाना राज्यको उत्तर पश्चिमी भागमा पर्छ यो सहर ।

त्यहाँको जनसंख्या २५ सय छ। यसलाई क्रिसमस लेक भिलेज पनि भनिन्छ। मानिसहरु क्रिसमलाई आफ्नो जीवनको अभिन्न हिस्सा ठान्छन्।

१९ औं सताब्दीमा यो सहरलाई सेन्टा फी भनिन्थ्यो। तर जब उक्त स्थानमा हुलाक कार्यालय राख्ने क्रममा सहरको नाम परिवर्तन भयो र सान्टा क्लस राखियो। यो सहरको हुलाकमा दुनियाभरबाट वर्षेनी २० हजार चिठी आउँछन्। कतिपय चिठीहरुमा प्रापकको प्रष्ट ठेगाना लेखिएको हुन्छ तर धेरैमा ठेगाना केवल सान्टा क्लस, नर्थ पोल मात्र लेखिएको हुन्छ।

चिठीको जवाफ दिने जिम्मा मूख्य पादरी प्याट कोचमा छ। उनी ८६ वर्षका छन्। उनको २ सय जना स्वयंसेवकको एउटा समूह छ, जसले चिठी पढ्ने, त्यसको प्रिन्ट लिने, पत्र पठाउने मानिसको नाम लेख्ने तथा एक पर्सनल मेसेजका साथ पोष्ट गरिदिने गर्दछन्।

हुलाकमा प्राप्त भएका चिठीको जवाफ पठाउन हुलाक खर्च नै १० हजार डलर लाग्दछ। कतिपय प्रेषकले लिफामै पैसा राखिदिएका हुन्छन् तर अधिकांस खर्चका लागि चाहीँ दान र संग्राहलयमा हुने कमाईमा भर पर्नुपर्दछ।


# हार्दिक समवेदना

जन्म:
ने.सं.१०९८ गुंला द्वादशी





**स्व. ज्ञानीमाया महर्जन**

स्वर्गारोहण
ने.सं.११३८ थिंलाथ्व द्वादशी



पवित्र कुटी विहारका कोषाध्यक्ष श्री दुर्गा महर्जनको ममतामयी आमा **ज्ञानी माया महर्जन**को १०० वर्षको उमेरमा असामयिक निधन भएको यही पौष १४ गते ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**पवित्र कुटी विहार**
भुजिन्द, पाँगा, कीर्तिपुर–८



## घर/टहरा तथा अन्य संरचना हटाउने बारेमा सार्वजनिक सूचना

यस योजना अन्तर्गत कि.मि.०+००० बुद्धचोक, हेटौंडाबाट चौघडा-चुच्चे खोला-गैरीगाउँ-शिखरकोट -जीतपुर-सिमात-ठिंगन बजार-बगुवा-काल्चेभिर-छपेली-नयाँबस्ती-तीनपाने हुँदै कि.मि.७९+००० टीकाभैरवसम्मको सडक खण्डमा सडक विस्तार तथा सुधारको लागि ठेक्का पट्टा भई सडक चौडा तथा सुधार गर्ने कार्यहरु भइरहेकोले उक्त सडकको सडक सिमा, सडक केन्द्र रेखाबाट दायाँ-बायाँ दुवैतर्फ १५/१५ मिटर रहेकोले सो सिमाभित्र परेका घरटहरा तथा अन्य संरचना अविलम्ब हटाई सडक निर्माण कार्यमा सहयोग पुऱ्याइ दिनुहुन तथा उक्त स्थानमा कुनै किसिमका नयाँ निर्माण नगर्न नगराउन हुन सबै सर्वसाधारणमा कान्ति लोकपथ सडक योजना हार्दिक अपिल गर्दछ।

उक्त संरचनाहरुसँग सम्बन्धित सरोकारवालाहरुबाट संरचना समयमैम हटाउन अटेर वा वेवास्ता गरिएमा सार्वजनिक सडक ऐन २०३१ अनुसार यस योजनाबाटै हटाइने र उक्त कार्य गर्दा हुन सक्ने सम्पूर्ण असरहरुको जिम्मेवारी सरोकारवालाहरु स्वयंले लिनुपर्ने तथा उक्त कार्य गर्दा लागेको खर्च समेत सम्बन्धित सरोकारवालाहरुबाट नै असुल उपर गर्न सकिने समेतको व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

**–योजना प्रमुख**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
कान्ति राजमार्ग सडक योजना
बखुन्डोल, कुपण्डोल, ललितपुर नेपाल


"Come to Us for All Your
Creative Designing Needs"
Cultural & Fashionable
Ornament
"Purity is Our Moto"
"Makes You Feel Who You are"
• Gold Purity • Exhange Offer • Gold Loan Facilities • Gold Test
पद्मिनि
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
: 01-4331046, 9802013780